# अध्यक्ष फोरमको संयुक्त विज्ञप्ति सम्बन्धमा !

हाल काठमाडौ उपत्यकामा तीव्र रुपमा फैलिएको कोरोना भाइरस(कोभिड-१९) को संक्रमणका कारण दक्षिण ललितपुरका तीन वटै गाउँपालिकाहरु समेत उच्च जोखिममा रहेको सन्दर्भमा तीन वटै गाउँपालिका अध्यक्ष फोरमको मिति २०७७/०४/३२ को बैठकले तपसिल बमोजिमका निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो संयुक्त विज्ञप्ति जारी गरिएको छ ।

तपसिल

१. तीन वटै गाउँपालिका क्षेत्र भित्र मिति २०७७ भाद्र १ गते देखि १५ गते सम्म सार्वजनिक यातायात पूर्ण रुपमा बन्द गर्ने ।
२. कोन्ज्योसोम गाउँपालिका वडा नं. ४ नल्लु भञ्ज्याङ्ग र बागमती गाउँपालिका वडा नं. २ बगुवामा नेपाल प्रहरीको चेक पोष्ट राख्ने र बिर्खेधारामा स्वास्थ्यकर्मी, नेपाली सेना र नेपाल प्रहरीको हेल्थ डेस्क सहित संयुक्त चेकपोष्ट राख्ने ।
३. तीन वटै गाउँपालिका भित्र सञ्चालन हुने होटल, रेष्टुराँ, चिया पसल, खाजा पसल आदि सञ्चालन गर्दा अनिवार्य रुपमा भौतिक दुरी कायम गरी मास्क, स्यानिटाईजर र पञ्जा(gloves) को प्रयोग गर्ने ।
४. गाउँपालिकाबाट सञ्चालित हुने अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु मिति २०७७ भाद्र १ गते देखि १५ गते सम्म बन्द गर्ने ।

वीर बहादुर लोप्चन
अध्यक्ष
बागमती गाउँपालिका

रामचन्द्र दाहाल
अध्यक्ष
महाङ्काल गाउँपालिका

गोपीलाल सिंतान
अध्यक्ष
कोन्ज्योसोम गाउँपालिका

गोपीलाल सिंतान
अध्यक्ष